म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ४८७ २०८० भदौ २६ गते मंगलबार 12 September 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

### बाइपास सडक शूल्क उठाउन ठेक्का लाग्यो

# उपमहानगरलाई ४ करोड २८ लाख आम्दानी हुने



*हेटौँडाको बाइपास सडक कर उठाइँदै ।*

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा बजार क्षेत्रको बाइपास सडक शूल्क उठाउन ठेक्का लागेको छ । हेटौँडा उपमहानगरपालिकाले ई-बिडिङमार्फत काठमाडौंको सुदिपा ट्रेडिङ कम्पनि प्रालिको प्रस्तावलाई स्वीकृत गरी सम्झौता गरेको छ । सुदिपाले ४ करोड २८ लाख ८६ हजार रुपैयाँ सडक शूल्क उठाउने सम्झौता गरेको छ ।

राजमार्ग छेकेर बाइपास सडक प्रयोग गर्न बाध्य बनाउँदै सवारी साधनलाई कर असुली गरेको भन्दै विवादित समेत बनेको बाइपास सडक कर हेटौँडा उपमहानगरको प्रमुख आयस्रोतको रुपमा रहेको छ। चालु आर्थिक वर्षको ४८ दिन भने उपहानगरपालिकाले आफैँ सडक कर संकलन गरेको थियो । ४८ दिनमा उपमहानगरले ९० लाख रुपैयाँ कर संकलन गरेको छ। चालु आर्थिक वर्षमा उपमहानगरले बाइपास सडक करमा झण्डै दोब्बर वृद्धि गरेको छ ।

विदेशी टेलर लहरी १० चक्के वा सो भन्दा बढीको कर पाँच सय रुपैयाँबाट बढाएर एक हजार रुपैयाँ बनाइएको छ । विदेशी बस, ट्रक १० चक्के भन्दा कम ६ चक्केसम्मका लागि तीन सय रुपैयाँबाट बढाएर छ सय रुपैयाँ बनाइएको छ । बिदेशी मिनी बस, ट्रकका लागि एक सय ५० रुपैयाँबाट बढाएर तीन सय रुपैयाँ बनाइएको छ । बिदेशी जीप, कारलाई एक सय रुपैयाँबाट बढाएर दुई सय रुपैयाँ बनाइएको छ । यस्तै स्वदेशी बस, ट्रक, मिनिबस तथा माइक्रोबसहरुका लागि २० रुपैयाँबाट बढाएर ३० रुपैयाँ बनाइएको छ ।

सुदिपा ट्रेडिङले अग्रिम भुक्तानीस्वरुप सम्झौता रकमको २५ प्रतिशत हुन आउने एक करोड ७ लाख रुपैयाँ भुक्तानी गरिसकेको छ। बाँकी रकम तीन किस्तामा असोज मसान्त, पुस मसान्त र जेठ मसान्तमा भुक्तानी गर्ने सम्झौता भएको हेटौँडा उपमहानगरपालिकाको राजश्व शाखाका प्रमुख श्याम कुमार श्रेष्ठले जानकारी दिनुभएको छ । यसअघि गत आर्थिक वर्षको ६ महिनामा मित्र निर्माण सेवाले एक करोड ३२ लाख ७७ हजार रुपैयाँमा सडक कर उठाउन सम्झौता गरेको थियो ।

# डीएसपी भण्डारीले सम्हाले जिम्मेवारी

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी प्रवक्ताको जिम्मेवारी प्रहरी नायब उपरीक्षक (डीएसी) लक्ष्मी भण्डारीले सम्हाल्नुभएको छ । गएको बिहीबार मकवानपुर आइपुग्नुभएका डीएसपी भण्डारीले आइतबारदेखि कार्यालयमा उपस्थित भएर जिम्मेवारी सम्हाल्नुभएको हो ।

डीएसी भण्डारीले यसअघि मोरङ जिल्लास्थित इलाका प्रहरी कार्यालय पथरीको प्रमुखको जिम्मेवारी सम्हालिरहनुभएको थियो । मोराङमा आफूले ६ महिनाभन्दा बढी प्रमुखको जिम्मेवारी सम्हालेर काम गरेको उहाँले बताउनुभयो ।

यसअघि मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्की सरुवा भएर जानु भएपछि उहाँको स्थानमा डीएसपी भण्डारी आउनुभएको हो ।

# भीमफेदी, बकैया र मनहरीबाट एमाले प्रतिनिधि छनोट

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको बागमती प्रदेशको प्रथम अधिवेशनका लागि मकवानपुरका विभिन्न स्थानीय तहबाट प्रतिनिधि छनोट गरिएको छ । सोमबार भीमफेदी, बकैया र मनहरी गाउँपालिकाबाट प्रदेश अधिवेशनका लागि प्रतिनिधि छनोट गरिएको हो ।


भीमफेदी गाउँपालिकाबाट ५ जना, बकैया गाउँपालिकाबाट ९ जना र मनहरी गाउँपालिकाबाट ८ जना प्रतिनिधि छनोट गरिएको हो। भीमफेदीबाट छनोट हुनेमा महेश बर्तौला, हिदम लामा, ठाकुर राम खड्का, भगवती पुडासैनी र सीता घलान रहनुभएको छ । भीमफेदीमा ५ सय ८८ पार्टी सदस्य रहेको हिदम लामाले बताउनुभयो ।

बकैया गाउँपालिकाबाट कृष्ण दाहाल, नारायण सापकोटा, गोपालप्रसाद दाहाल, ढलबहादुर वाईबा, बाबुराम डङ्गोल, देवकृष्ण, पद्मा पौडेल, सरला बोलखे र सुस्मिता चौलागाई चयन हुनुभएका छन् । यस्तै, मनहरी गाउँपालिकाबाट लक्ष्मण उप्रेती, श्यामसुन्दर ढकाल, वीरेन्द्र डीसी, एकराज उप्रेती, हेमराज उप्रेती, नवीन सुवेदी, मनिला विष्ट र मिठु थापालाई प्रतिनिधि चयन गरिएको छ ।

मकवानपुरका अन्य पालिकाहरुमा प्रतिनिधि सर्वसम्मतरुपमै छनौट गर्ने गरी तयारी चलिरहेको पार्टी जिल्ला सचिव नवीन सिग्देलले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकाबाट २३ जना पुरुष र ११ जना महिला प्रतिनिधि छनौट गरिने उहाँले बताउनुभयो । सबै पालिकाहरुमा पार्टी सदस्यताको आधारमा प्रतिनिधि भाग लगाइएको हो ।

आगामी असोज ८ र ९ गते काठमाडौंमा एमालेले बागमती प्रदेशको प्रथम अधिवेशन आयोजना गर्दैछ। एमाले मकवानपुरले आगामी २७ गतेसम्म प्रदेश अधिवेशनका लागि १ सय जना प्रतिनिधि छनौट गर्नेछ ।

## हार्दिक बधाई




हेटौँडा-२ स्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिबार सम्पन्न चौथो अधिवेशनबाट सर्वसम्मत निर्वाचित सञ्चालक समितिका पदाधिकारी तथा सदस्य, लेखा समितिका संयोजक तथा सदस्य एवम् सल्लाहकार ज्यूहरुमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

व्यवस्थापक

**एवम् प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

हेटौँडा-२, मनकामनाचोक

A.I.M Startup
Business Incubation Center

## AIM नव उद्यमशाला बुटक्याम्प

मुख्य आकर्षण :

- १ दिने हाट बजार
- ४ दिने व्यावसायिक कार्यशाला

आवेदन आव्हान मिति : भाद्र ६, २०८०
आवेदन फारम भर्ने अन्तिम मिति : भाद्र २८, २०८०
इच्छुक महानुभावहरुले तल दिइएको लिन्कमा गई वा क्यु आर कोड स्क्यान (QR Scan) गरि आवेदन फारम भर्न सक्नुहुनेछ।

https://forms.gle/u9f2WjwKycSaowGRA

QR स्क्यान गर्नुहोस्

आवेदन आजै भर्नुहोस्

थप जानकारी लागी सम्पर्क

उद्योग संघ मकवानपुर
नामः साजन ढुङ्गेल
फोन नंः ९८५५०३४४३१
इमेलः aimstartupnp@gmail.com

अन्तरप्रेरणा प्रा. लि.
नामः अंकित नेपाल
फोन नं : ९८४५७७१३५९
इमेलः ankit.antarprerana@gmail.com

सहकार्यः

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा

ANTARPRERANA
for and by entrepreneurs

# सम्पादकीय

## बीपीको विचार ओझेलमा

नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद (बीपी) कोइरालाको जन्मजयन्ती मनाइएको छ । बीपी कोइरालाको ११० औं जन्मजयन्ती देशभर विभिन्न कार्यक्रम आयोजना गरी आइतबार मनाइएको छ । वि.सं. १९७१ साल भदौ २४ गते जन्मिएर २०३९ साल साउन ६ गते निधन भएका बीपी कोइराला नेपालको राजनीतिक इतिहासमा सदा स्मरणीय व्यक्तित्व हुन् । बीपीलाई एक कुशल राजनेताको रुपमा चिन्ने गरिन्छ । उनी राजनीतिज्ञ मात्र थिएनन्, विचारक र चिन्तक पनि थिए । उनी क्रान्तिनायकमात्र होइन, प्रयोक्ता पनि थिए । बीपी कोइराला नेपाली राजनीतिका चम्किला तारा थिए । राजनेताको जस्तो हैसियत बनाएका बीपीको जीवनकाल संघर्षपूर्ण र कष्टपूर्ण बनेको पाइन्छ । उनको लोकप्रियतालाई कमजोर बनाउन विभिन्न असफल प्रयासहरु पनि भएका थिए । मुलुककै पहिलो जननिर्वाचित प्रधानमन्त्री बन्न सफल बीपीले जम्मा १८ महिनामात्र शासन सत्ता सम्हाल्न पाए । बीपीको लोकप्रियताबाट आत्तिएका तत्कालीन राजा महेन्द्रले २०१७ साल पुस १ गते उनलाई प्रधानमन्त्रीबाट अपदस्थ गरेका थिए ।

बीपी कोइरालाको नाम जोडिएका थुप्रै संघसंस्था खुलेका छन् । उनकै अगुवाइमा स्थापना भएको नेपाली कांग्रेस पार्टी अहिले पनि देशकै ठूलो राजनीतिक दल रहेको छ । नेपाली कांग्रेस तथा अन्य संघसंस्थाले बीपी कोइरालाकै नाम भजाएर राजनीति गरिरहेको छ । यसकारण तिनै संघसंस्था र नेपाली कांग्रेसले विभिन्न कार्यक्रम गरी बीपी कोइरालाको जन्मजयन्ती मनाएको छ । विभिन्न कार्यक्रम गरेर उनको राजनीतिक तथा साहित्यिक योगदानको चर्चा गरिएको छ । कार्यक्रममा विभिन्न वक्ताहरुले उनको दूरदर्शिता, इमान्दारिता, राष्ट्र र राष्ट्रियताप्रतिको विचार र व्यवहारको प्रशंसा गरेका छन् । जन्मजयन्ती र स्मृति दिवसमा बीपीको जति चर्चा गरिन्छ, त्यसको थोरैमात्र पनि व्यवहारमा लागू गर्न नसक्नु भने विडम्बना नै मान्नुपर्छ । बीपीको नामलाई बेचेर राजनीति गरिरहेकाहरुले पनि उनको विचार तथा सिद्धान्तलाई व्यवहारमा लागू गर्न सकेका छैनन् ।

१०४ वर्षको जहाँनिया राणा शासन अन्त्यका लागि बीपी कोइरालाको भूमिका महत्वपूर्ण मानिन्छ । बीपीकै नेतृत्वमा गरिएको सशस्त्र संघर्षको परिणामस्वरुप २००७ सालमा नेपालमा राणा शासन अन्त्य भयो र बहुदलीय प्रजातन्त्रको स्थापना भयो । विसं २०१५ मा भएको पहिलो आम निर्वाचनमा उनको दल नेपाली कांग्रेस दुई तिहाइ बहुमतसहित विजयी भएपछि उनले आफ्नो नेतृत्वमा नयाँ सरकार गठन गरे । २०१७ साल पुस १ गते राजा महेन्›ले आफ्नो विशेष अधिकार प्रयोग गरेर नेपालको तत्कालीन संविधान तथा कोइरालाको सरकार भंग गरे । राजनीतिक दलमाथि प्रतिबन्ध लगाए । कुनै मुद्दाबिना नै बीपी कोइरालालाई ८ वर्षसम्म कैदमा राखियो । २०२५ सालमा उनलाई बनारस निर्वासनमा जान दिइयो । २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर उनी नेपाल फर्के । तर तत्कालीन सरकारले उनलाई देशद्रोहको अभियोगमा करिब २ वर्ष जेलमा राख्यो । प्रजातान्त्रिक समाजवादलाई प्रमुख सिद्धान्त बनाएका बीपीले आफ्नो सिद्धान्तअनुरुप काम गर्न भने पाएनन् ।

राजनीतिलाई सामान्य नागरिकको जीवनसँग जोड्न खोज्ने बीपीको योगदानलाई जति चर्चा गरे पनि अपूरै हुन्छ । उदार प्रवृत्तिका बीपी निडर, निर्भिक र दूरदर्शी पनि थिए । राजनीतिमा शालीन मानिने बीपी साहित्यमा भने अराजक मानिन्छन् । उनका सुम्निमा, मोदी आइन्, बाबु, आमा र छोरा, नरेन्द्र दाइ, तीन घुम्ती तथा हिटलर र यहुदीजस्ता चर्चित उपन्यासहरु नेपाली साहित्यमा अझै पनि चर्चित छन् । बीपीका दोषी चश्मा र श्वेतभैरबी कथा संग्रह एवम् आफ्नो कथा र जेल जर्नल जीवनी प्रकाशित छन् । देश र जनताका लागि केही गरौं भन्ने भावना भएका बीपीको नेतृत्व देशले लामो समय पाउन सकेन । प्रजातन्त्र र समाजवादलाई मौलिक चिन्तनका आधारमा जोड्दै उनले नेपाललाई विश्व राजनीतिक मञ्चमा चिनाउन महत्वपूर्ण योगदान दिएका थिए । बीपी कोइराला नेपाली काँग्रेस पार्टी र त्यसका नेता, कार्यकर्ताका मात्र नभई धेरै राजनीतिक नेतृत्वका निम्ति प्रेरणाको स्रोत बनेका भए पनि उनको चिन्तन र विचारलाई ओझेलमा पारिँदै आएको पाइन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : गरेका कामहरु लाभदायी र फलदायी बन्न सक्छन् । |
| **वृष** | : भेटघाटमा रमाइने समय योग रहेको छ । |
| **मिथुन** | : मनमा रिस, घमण्ड र डाहको आविर्भाव होला । |
| **कर्कट** | : आध्यात्मिक र परोपकारजन्य काममा सरिक । |
| **सिंह** | : दौडधूप गर्नुपर्ने कामहरु मध्यमकारक रहलान् । |
| **कन्या** | : व्यापारीक दृष्टिले नयाँ कामको थालनी हुने समय योग छ । |
| **तुला** | : व्यापार– व्यवसायबाट लाभ प्राप्त हुने योग छ । |
| **वृश्चिक** | : रचनात्मक क्षमताको विकास हुने समय छ । |
| **धनु** | : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । |
| **मकर** | : इष्टमित्रबाट सहयोग प्राप्त हुने समय योग छ । |
| **कुम्भ** | : सामाजिक र राजनैतिक काममा सरिक भइने समय छ । |
| **मीन** | : आफन्तको सर–सहयोग प्राप्त हुने समय योग छ । |

# पर्वलाई विकृती होईन, संस्कृतीको रुपमा मनाऔं



सम्झना अधिकारी

संस्कृतिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । कला र संस्कृति नै समाज निर्माणका पूर्वाधार हुन् । जुन समाजमा विविध जातजाति, वर्ग र समुदायले आ-आफ्नो मौलिक संस्कृतिको जगेर्ना गरेका छन् त्यो समाज नै सभ्य समाजकोरुपमा चिनिएको पाइन्छ । पुस्तौंदेखि चलिआएको चालचलन र परम्परालाई हामी संस्कृतिकोरुपमा ग्रहण गर्दछौं । संस्कार र संस्कृति आज बनाएर बन्ने पक्कै होइन । भौगोलिकरुपमा सानो भएपनि हाम्रो देश नेपालमा भएका विभिन्न जातजाति र भाषाभाषीले मनाउने विविध चाडपर्व तथा रीतिरिवाजले हामी विश्वमै परिचित छौं ।

महिनैपिच्छे कुनै न कुनै महत्वपूर्ण चाडपर्व मनाइरहने हाम्रो समाजमा चाडपर्व तथा संस्कृतिको जगेर्ना गर्नमा महिलाहरूको महत्वपूर्ण योगदान रहेको छ । आजको व्यस्त समयमा पनि हरेक चाडपर्वलाई उत्तिकै उल्लासपूर्वक मनाउनमा महिलाहरूको सक्रियता बढ्दै गएको पाइन्छ । चाहे गृहिणी हुन् या दोहोरो कार्यभारमा रहेकी नारी, समयलाई आ-आफ्नै तरिकाले व्यवस्थापन गर्दै घरपरिवार र समाजले दिएको यो महत्वपूर्ण जिम्मेवारीलाई इमान्दारितापूर्वक निभाउनमा आजका महिला पनि उत्तिकै सक्षम देखिन्छन् । यसरी समाजको महत्वपूर्ण जिम्मेवारी पाएर समाजलाई नै रुपान्तरण गर्नसक्ने क्षमता राख्ने भएर नै होला पुरुषको तुलनामा महिलाले गर्ने हरेक क्रियाकलापमा समाजले अलि बढी नै चासो र चिन्ताकोरुपमा लिने गरेको छ ।

नेपालमा हिउँदयाम लाग्दै गर्दा सुरु हुने चाडपर्वहरू यो वर्ष मलमासको कारण अलि पछाडि धकेलिएको भएपनि बिस्तारै सुरु भइसकेको छ । नागपञ्चमी र कृष्णअष्टमी सकिएलगत्तै सुरु हुने हिन्दु नारीहरुको महत्वपूर्ण चाड हरितालिका तीजले सबैजसो महिलाहरुलाई कुनै न कुनैरूपमा छोइसकेको छ भने हामीमध्ये कतिले त तीजको अघिल्लो दिन राती खाने दर पनि दर्जनौं पटक खाइसकेका पनि छौं । हुन त यो व्यक्तिको स्वतन्त्रताको कुरा हो । आफ्ना साथीहरु मिलेर नाचगान गर्दै रमाइलो गर्नु नराम्रो पक्कै होइन । तर समाजको एउटा जिम्मेवार व्यक्तिहरुले गरेका हरेक क्रियाकलापले समाजलाई नै रुपान्तरण गर्ने शक्ति राख्दछ । आज हामीले गरेका क्रियाकलाप भोलि संस्कारकोरुपमा विकसित हुँदै संस्कृति बन्दछ । हामीले हाम्रा बालबालिकालाई सिकाएका किताबी ज्ञानभन्दा पनि हामीले गरेका हरेक क्रियाकलापहरु उनीहरूको सिकाइको पहिलो माध्यम हुने गर्दछ ।

आर्थिकरुपमा सक्षम केही व्यक्तिहरु मात्र मिलेर महिनौं अगाडिदेखि मनाएको यो पर्व कतै भोलिको संस्कार त बन्ने होइन ? कतै हाम्रा आगामी पुस्ताले हाम्रा पर्वलाई यतिमै सीमित बनाउने त होइनन् ? यो सोचनीय विषय बनिसकेको छ । जसरी आज पश्चिमी संस्कृतिले हाम्रो जन्म उत्सव मनाउने तरिकालाई पूर्णरुपमा विस्थापित गरिसकेको छ, त्यसैगरी यो महान पर्व पनि परिमार्जन हुने त होइन ?

अविवाहित नारीले महादेव जस्तै श्रीमान् पाऊँ भनेर र विवाहित नारीले आफ्नो श्रीमान्को आयु लामो होस् भनी निराहार व्रत बस्नुपर्ने भएर नै होला विवाह भएर टाढा पुगेकी चेलीलाई पनि माइतीले सम्झेर लिन जाने र पर्वकै बहानामा भएपनि चेलीले केहीदिन माइतीमा आएर आफ्ना बाबुआमा र दाजुभाइदेखि साथीहरु समेतलाई भेटेर आफ्नो दुःख-सुखलाई पोख्ने अवसर पाउँछन् । आफुले भोगेका दुःखहरुलाई गीतकै माध्यमबाट गाएर आफ्नो मन हलुका बनाउने पर्वकारूपमा परिचित महान चाड तीज हरेक नेपाली महिलाको निम्ति एउटा उल्लासमय पर्वकोरुपमा परिचित रहेको छ । आफ्नै कथा र व्यथालाई मिलाएर गीत बनाई स्थानीय लोक बाजाको सहायतामा रमाइलो गरी मनाउँदा स्थानीय लोक संस्कृतिको पनि जगेर्ना हुने गर्दछ । त्यसैगरी महिलाहरुले बिहानैदेखि आफ्नो सोह्र श्रृंगार गरी महादेवको पूजाआजा गर्ने र दिनभरि नाचगान गर्दै रमाइलोसँग बिताउँदा भोक तिर्खाको समेत वास्तै नहुने भएकोले सजिलैसँग व्रत बस्न सकिने कुरा हामी हाम्रा हजुरआमाहरुबाट सुन्ने र देख्ने गर्दछौं । तीजको दिन दिनभरी केही नखाई ब्रत बस्नुपर्ने भएकाले अघिल्लो दिनको राती खाने मिठो परिकारलाई दर भनिने गरिएकोमा हिजोआज दरको परिभाषा नै बदलिइसकेको छ । हरेक चाडपर्वमा भएका नराम्रो पक्षलाई हटाउँदै र राम्रा पक्षलाई निरन्तरता दिँदै जानुपर्नेमा कतै हामीले हाम्रा पर्वरुको परिभाषा नै बदलिदिने त होइन ? यसैगरी हरेक पर्वलाई आ-आफ्नै तरिकाले मनाउँदै जाने हो भने अबका पुस्ताले हाम्रा पर्वलाई कसरी बुझ्लान् त ? कतै उनीहरु अलमलमा पर्ने त होइनन् ? यो विषय निकै गम्भीर बनिसकेको छ ।

कुरा एउटा पर्वको मात्र होइन । हरेक पर्वलाई समय अनुसार परिमार्जन गर्नु राम्रो पक्ष हो । तर परिमार्जन गर्दै जाँदा उक्त पर्वको अस्तित्व नै लोप नहोस् । जुन महत्व र कारणले पर्व मनाइएको थियो त्यो वास्तविकता नै रहेन भने पर्व मनाउनुको कुनै अर्थ रहँदैन । त्यसैले हरेक पर्वले समाजका सबैखाले वर्गलाई समेट्न सकोस् । हरेक पर्वले आ-आफ्नो सामाजिक उत्तरदायित्वलाई समेत ख्याल गर्दै समाजमा एउटा राम्रो सन्देश छर्न सकोस् । आगामी पुस्ताले समेत हाम्रा पर्वहरुको अस्तित्व जोगाउन सकुन् । आउँदै गरेको यो महान पर्व हरितालिका तीजमा आफ्नो स्वास्थ्यको विशेष ख्याल गर्दै आ-आफ्नो क्षमताअनुसार मनाउनु होला भन्दै आउँदै गरेको महानपर्व हरितालिका तीजको अवसरमासम्पूर्ण महिलाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*(अधिकारी हेटौँडा-६, गौरिटारस्थित बालजागृति युवावर्ष माविकी प्रधानाध्यापक हुनुहुन्छ ।)*

# अदालतको आदेश र सांसद विकास कोष



रुपनारायण खतिवडा




संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि चालु वर्षमा विनियोजित रकम खर्च गर्ने कार्य तत्कालका लागि कार्यान्वयन नगर्न सर्वोच्च अदालतबाट केही दिनअघि अन्तरिम आदेश जारी भएसँगै यतिबेला यो विषय चर्चामा रहेको छ । यो कार्यक्रममा बजेट दुरुपयोग हुने गरेको र संघीयताको मर्मविपरीत रहेको भन्दै दुई वर्षअघि सरकारी तवरबाटै बन्द गरिएको थियो । चालु आर्थिक वर्षको बजेटमार्फत संघ र प्रदेश सरकारहरूले समेत ठूलो रकम विनियोजन गर्दै कार्यक्रमलाई पुनः सुचारु गरेका थिए । यस वर्षको बजेटमार्फत यसलाई ब्युँताइएसँगै तत्कालीन समयमा अर्थतन्त्र र संघीयताका विज्ञहरूलगायत राजनीतिक क्षेत्रबाट समेत यो कदम गलत रहेको धारणासहितका समाचारहरू सार्वजनिक भएका थिए ।

आम बुझाइमा सांसद विकास कोष भनिए पनि व्यवस्थापिका संसद्का सदस्यहरूको सिफारिसका योजनामा स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमका नाममा बजेट विनियोजन हुने गरेको थियो । वि.सं. २०५१ मा प्रतिनिर्वाचन क्षेत्र २ लाख ५० हजार विनियोजन गरी सुरु भएको यो कार्यक्रमको रकम निरन्तर वृद्धि हुँदै आव ०७६/७७ मा प्रतिनिर्वाचन क्षेत्र ६ करोडसम्म पुगेको थियो । राज्यको ठूलो स्रोत यो कार्यक्रममा विनियोजन हुने गरेको भए तापनि यसको उपलब्धि र प्रभावकारिताका सन्दर्भमा थुप्रै प्रश्न उठ्ने गरेको अवस्था थियो । स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमबाट हुँदै आएको खर्च र सञ्चालन गरिने योजनाहरूमा अपवादबाहेक योजना छनोट र कार्यान्वयनमा प्रभावकारिता कायम हुन नसकेको र आर्थिक हिनामिना भएको तथ्य हरेक वर्षका महालेखा परीक्षकको प्रतिवेदनले उजागर गर्ने गरेको थियो ।

यो कार्यक्रमबाट गरिने खर्चमा धेरैवटा योजनामा स्रोत छर्ने प्रवृत्ति रहेको, सांसदका योजना र स्थानीय तह एवं प्रदेशका योजनाबीच दोहोरोपन देखिने गरेको, राज्यको ठूलो स्रोत सांसदविशेषको चुनावी क्रियाकलापलाई प्रवर्द्धन गर्ने माध्यममात्रै बनिरहेको, आफ्नो भोट बैंकमा योजना छनोट गर्ने प्रवृत्तिले एउटै निर्वाचन क्षेत्रका जनताबीच विभेद र असमानता सिर्जना गरिरहेको जस्ता विकृतिहरू यो कार्यक्रममा देखा परेका थिए । यिनै कारणहरूको विद्यमानतामा करिब २७ वर्षदेखि सञ्चालनमा रहेको यो कार्यक्रम आर्थिक वर्ष ०७८-७९ को बजेटमार्फत खारेज गरिएको थियो । तर, चालु आर्थिक वर्षको संघीय सरकार र प्रदेश सरकारहरूको वार्षिक बजेटमार्फत विभिन्न नाममा यो कार्यक्रमलाई पुनः सुचारु गर्ने व्यवस्था गरिएको थियो ।

सर्वोच्च अदालत, संवैधानिक इजलासको आदेश अध्ययन गर्दा उक्त आदेशमा निश्चित आधारहरूमा आधारित रही यो कार्यक्रममा विनियोजित रकम तत्काल खर्च नगर्न अन्तरिम आदेश जारी भएको देखिन्छ । सीमित आर्थिक क्षमता भएको मुलुकमा राष्ट्रिय ढुकुटीको अर्बौं हिस्सा केही खास जनप्रतिनिधिहरूको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा र सुशासनको मान्यताअनुकूल नहुने, विकास योजना निर्माण र कार्यान्वयनसम्बन्धी स्वीकृत अभ्यास र मान्यताप्रतिकूल रहेको तथा व्यवस्थापकीय कार्य गर्ने सांसद आफैंले आफ्नो निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम छुट्ट्याउँदा स्वार्थ बाझिने अवस्था रहने उक्त आदेशमा उल्लेख छ । यी आधारका अतिरिक्त नेपालको संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गरी संघ र प्रदेश सरकारहरूको विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्था र तिनका लागि छुट्ट्याइएको बजेट रकम खर्च गर्ने कार्य उक्त रिट निवेदनको अन्तिम किनारा नभएसम्म नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरेको देखिन्छ ।

हुन पनि विगतमा मुलुक एकात्मक स्वरूपमा रहँदा एवं खासगरी तत्कालीन स्थानीय निकायमा वर्षौंसम्म जनप्रतिनिधिहरूको रिक्तता रहँदा निर्विकल्प जनप्रतिनिधिका रूपमा रहेका सांसदलाई स्थानीय जनताको आवश्यकता सम्बोधन गर्न र सानातिना विकास निर्माणलाई गति दिन यो कार्यक्रम एक हदसम्म सान्दर्भिक थियो । तर, पछिल्लो समयसम्म आइपुग्दा संघीयताको कार्यान्वयनसँगै अधिकार सम्पन्न स्थानीय तहको गठन हुनुका साथै निर्वाचित जनप्रतिनिधिहरूसहित स्थानीय सरकार क्रियाशील रहेका छन् । संविधानप्रदत्त बृहत्तर अधिकारहरूलाई क्रियान्वित तुल्याउनका लागि केन्द्रीय बजेटको उल्लेख्य हिस्सा स्थानीय तहमा विनियोजन भइरहेको छ । वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त गर्ने स्रोत र स्वआर्जन गर्ने स्रोतसमेतका आधारमा सम्बन्धित गाउँसभा र नगरसभाबाट बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्न सक्ने अधिकार स्थानीय तहमा रहेको छ । संविधानतः स्थानीय तह आफैं स्वायत्त

...बाँकी पृष्ठ ३ मा

# आत्महत्या रोकथामबारे कार्यक्रम

समाज संवाददाता

हेटौंडाः विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा मकवानपुर स्वास्थ्य कार्यालयले आत्महत्या रोकथामसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको छ । हरेक वर्ष सेप्टेम्बर १० तारिखमा विश्वभर मनाइने आत्महत्या रोकथाम दिवसको अवसरमा आइतबार कार्यक्रम गरिएको हो ।

कार्यालयले आशा जगाऔं, जीवन बचाऔं नाराका साथ हेटौंडा उपमहानगर पालिका र मकवानपुरगढी गाउँपालिकाका विद्यालय नर्स, विद्यार्थीहरुसँग अन्तरक्रिया कार्यक्रम गरेको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण अधिकारीले जानकारी दिनुभयो ।

मकवानपुरमा गत आर्थिक वर्ष २०७९/०८० मा १ सय ४१ जनाले आत्महत्या गरेका थिए । १ सय १ जना पुरुष र ४० जना महिलाले आत्महत्या गरेका हुन् । चालु आर्थिक वर्ष २०८०/०८१ को साउनदेखि भदौ २३ गतेसम्म जिल्लामा २५ जनाले आत्महत्या गरेका छन् । यस अवधिमा १५ पुरुष र १० महिलाले आत्महत्या गरेको तथ्यांकमा उल्लेख छ ।

आत्महत्या जटिल समस्या बन्दै गएकाले स्वास्थ्य कार्यालय मकवानपुरले आत्महत्यासम्बन्धी सचेतनामूलक कार्यक्रम गर्दै आएको सूचना अधिकारी अधिकारीले जानकारी दिनुभयो । अधिकारीका अनुसार अहिले बजेट कम भएर स्वास्थ्य कार्यालयले हेटौंडा र मकवानपुरगढी गाउँपालिकाका शिक्षक, विद्यार्थी, विद्यालय नर्स तथा स्वास्थ्य कार्यालयका कर्मचारीहरुमाझ छलफल कार्यक्रम गरेको हो ।

कार्यालयले सोमबारबाट अन्य विद्यालयहरुमा गई विद्यार्थीहरुलाई आत्महत्याबारे सचेतना दिने भएको छ । कार्यालयले हेटौंडाका ८ विद्यालयमा सचेतनामूलक कार्यक्रम गर्ने जानकारी दिएको हो । सोमबार आधुनिक राष्ट्रिय मावि, बालज्योति मावि र सिद्धार्थ माविका विद्यार्थीहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ । थप ५ विद्यालयमा विद्यार्थीहरुसँग अन्तरक्रिया कार्यक्रम गर्न स्वास्थ्य कार्यालय तयारी अवस्थामा रहेको अधिकारीले जानकारी दिनुभयो ।

# हेटौंडामा ४ सय ५० स्काउट दीक्षित



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमाहानगरपालिका र चितवनका विभिन्न विद्यालयहरुबाट ४ सय ५० स्काउटहरुलाई शनिवार दीक्षित गरिएको छ । नेपाल स्काउट पेन्गोलिन ओपन स्काउट क्रूले बागमती प्रदेशको राजधानी हेटौंडामा पदयात्रा (हाईक) तथा संयुक्त दिक्षान्त समारोह कार्यक्रम आयोजना गरेको हो । 'सानो पाइला पदयात्रामा दौड, पर्यटन विकासमा स्काउटको जोड' भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

गैरसरकारी संस्था महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठकको सभाध्यक्षता तथा बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको विशिष्ट आतिथ्य रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै मन्त्री मोक्तानले स्काउटले विद्यार्थीमा इमान्दारिता र अनुशासन सिकाउँदै सच्चा नागरिक बन्न प्रेरित गर्न सहयोग पुग्ने बताउनुभयो । हेटौंडाभित्रका विभिन्न विद्यालयका ६ सय जनाभन्दा बढी विद्यार्थीले उक्त कार्यक्रममा सहभागिता जनाएका थिए । कार्यक्रममा स्काउटर प्रशिक्षक अशोक सारु मगरले प्रतिज्ञा गराउँदै ४ सय ५० जनालाई सामूहिक दिक्षान्त गरिएको थियो ।

सिद्धार्थ माध्यमिक विद्यालय, ज्ञानोदय बालबाटिका, हेटौंडा एकेडेमी, कृष्ण आदर्श, फेमकल एकेडेमी, प्रगति माध्यमिक विद्यालय, श्रमिक माध्यमिक विद्यालय, महेन्द्र किरण माध्यमिक विद्यालय, बाल उज्जवल माध्यमिक विद्यालय, रोटरी माध्यमिक विद्यालय, महेन्द्र माध्यमिक विद्यालय, बुद्ध माध्यमिक विद्यालय र जनप्रिय माध्यमिक विद्यालय तथा हेटौंडा बाहिर चितवन जिल्लाको चतुर्मुखी माध्यमिक विद्यालयको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल स्काउट बागमती प्रदेश सदस्य तथा क्रू रोभर लिडर अशोक सारु मगर, स्काउट बागमती प्रदेशका सदस्य महेन्द्र राना मगर, हेटौंडा उपमहानगरपालिका वडा नं ११ का अध्यक्ष जुना दाहाललगायतको उपस्थिति थियो । पदयात्रा कार्यक्रमको सुरुवात शनिबार बिहान राप्ती पुलबाट भएको थियो । पाथिभरा मन्दिर, डाङ्डुङ्गे हुँदै शहीद स्मारक हेटौंडामा पुगेर पदयात्रा समापन गरिएको थियो ।

## अदालतको आदेश...

भएकाले आफ्ना विकास निर्माण सम्बद्ध योजना बनाउने र खर्च गर्ने अधिकार ती तहहरूमा नै निहित रहेको छ ।

यो स्थितिमा संघीय संसद् र प्रदेश सभाका सांसदहरूलाई स्थानीय स्तरका आयोजनामा खर्च गर्ने गरी बजेट उपलब्ध गराइनु भनेको केन्द्रीय नियन्त्रण प्रणालीलाई नै बढावा दिनु हो । यसैगरी प्रदेशहरूले समेत संघीय सरकारको सिको गर्दै न्यून आन्तरिक आयका बाबजुत ठूलो आकारको स्रोत यो कार्यक्रममा विनियोजन गरिरहँदा यसले प्रदेशस्तरको विकास प्राथमिकतामा धक्का पुग्नुका साथै संघबाट प्राप्त हुने अनुदानमा भार परी प्रदेशको स्वायत्ततामा नै प्रहार हुने स्थिति देखिएको थियो । यसरी संघ र प्रदेशबाट विनियोजन गरिने रकमलाई एउटै डालोमा हालेर एकमुस्ट रूपमा सोझै स्थानीय तहमा विनियोजन हुन सकेमा यसले स्थानीय तहलाई स्रोतका हिसाबले थप बलियो बनाउन सक्ने अवस्था रहन्थ्यो । तर, सर्वोच्च अदालतको आदेशसँगै यी सबै तथ्यलाई नजरअन्दाज गरी संघ र प्रदेश सरकारले वार्षिक बजेटमार्फत अघि सारेको यो कार्यक्रमको कार्यान्वयनमा तत्काललाई अंकुश लागेको छ ।

स्थानीय आवश्यकताको सम्बोधनका लागि छुट्ट्याइने बजेटलाई सोझै सम्बन्धित स्थानीय तहमा नै पठाइनु संघीयता कार्यान्वयनको सन्दर्भमा सैद्धान्तिक एवं व्यावहारिक दुवै कोणबाट सान्दर्भिक हुन आउँछ । यो यथार्थलाई भुलेर संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम पुनः कार्यान्वयन गर्ने निर्णय गरिनु आफैंमा खेदजनक थियो । अदालतबाट यससम्बन्धी रिटको अन्तिम फैसला आउन बाँकी नै रहे पनि पछिल्लो आदेश आफैंमा स्वागतयोग्य छ ।

अतः आर्थिक रूपले संकटपूर्ण अवस्थामा यस आर्थिक वर्षको बजेटमार्फत यस कार्यक्रमका लागि विनियोजन गरिएको यो बजेट सोझै स्थानीय तहमा हस्तान्तरण हुन सकेमा आमजनता लाभान्वित हुनुका साथै नवीन शासकीय पद्धतिको दिगोपनाको अपेक्षासमेत गर्न सकिन्छ । *(स्रोतः कारोबारदैनिक)*


# श्री एकादशी राधाकृष्ण मन्दिर संरक्षण समिति

हेटौंडा - ८, कमाने, कालिका टोल








## हार्दिक निमन्त्रणा

यही भाद्र २९ गतेदेखि आश्विन ०५ गतेसम्म प्रख्यात भागवत मन्जरी एवम् परम विदुषी माता पूज्या "राधिका दासीज्यू" श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ वाचनको लागि हेटौंडा वडा नं. ८ को कालिका टोल स्थित श्री एकादशी राधाकृष्ण मन्दिरमा आउँदै हुनुहुन्छ ।

मन्दिरको स्तरोन्नती तथा अक्षयकोष निर्माणको मुख्य उदेश्य सहित आयोजना गरिएको कार्यक्रममा पितृ उद्दार, आर्थिक संकट मोचन ग्रहशान्तिका साथै ज्ञान प्राप्ती मुख्य कर्म रहेका छन् ।

पितृको नाममा ठुलो खर्च गरी सप्ताह लगाउन नसक्नेहरुले यस सप्ताहमा न्यून खर्चमा पितृ उद्दारको कर्म गर्न सक्नेछन् । ग्रह गोचरका कारण आर्थिक लगायत अन्य संकटमा फसेका व्यक्ति संस्थाहरुको पनि वैदिक विधि र मन्त्रद्वारा मुक्ति मोचनको प्रयास गरिनेछ । संगसंगै विदुषी माताको मधुर वाणी सहितको भागवत प्रवचनले दिव्य ज्ञानको साक्षात्कार हुने हुँदा सम्पुर्ण भक्तजनलाई सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कलश यात्रा : भाद्र २९ गते, बिहान : ७:०० बजे,**
**कलश यात्रामा सहभागिताको लागि सम्पर्कः ९८४५४६१६८७**

**शम्भु प्र. दुलाल**
**अध्यक्ष**

**धर्मराज पुडासैनी**
**कार्यक्रम संयोजक,**


# अन्तरसरकारी सम्बन्धबारे सम्वाद कार्यशाला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका आन्तरिका मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले संघीयता कार्यान्वयनमा संघीय सरकार गम्भीर बन्नुपर्ने बताउनुभएको छ । नेपाल एफएम नेटवर्कले हेटौडामा सोमबार गरेको अन्तरसरकारी सम्बन्ध र संसद विषयको सम्वाद कार्यशालामा मन्त्री श्रेष्ठले संविधानको मर्मअनुसार संघीय सरकारले समन्वय गर्न नसकेको आरोप लगाउनुभयो ।

हिजो संघीयताका लागि लडेका नेताको नेतृत्वमा सरकार भए पनि संघीयताको मर्मअनुसार सरकार नचलेको मन्त्री श्रेष्ठको भनाइ छ । संघीयताको प्रभावकारी कार्यान्वयन गर्न संरचनागत परिवर्तन आवश्यक रहेको उहाँले बताउनुभयो । संघीयता र विकेन्द्रीकरण फरक भएको उहाँले बताउनुभयो । संघीयतालाई स्थापित गर्न तीन तहबीच समन्वय आवश्यक रहेको र त्यसका लागि संसदले भूमिका खेल्नुपर्ने उहाँको भनाइ छ ।

मन्त्री श्रेष्ठले हिजो भएका गल्तीमा धेरै बहस नगरी अब नयाँ प्रणाली विकास गर्न लाग्नुपर्ने बताउनुभयो । उहाँले सांसदहरुलाई पनि विकासको एजेण्डाभन्दा विधायकी भूमिकालाई स्थापित गर्नेगरी बहस गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईले नीति, विधि, योजना र विकासमा तीन तहको सहकार्य, समन्वयलाई बलियो बनाउन संसदले सशक्त भूमिका खेल्न नसकेको स्वीकार गर्नुभयो । संघीय सरकारको बनाउने कानुनको ढिलाई, केन्द्रिकृत मानसिकताका कारण पनि समन्वयमा समस्या भएको उहाँको भनाइ छ ।

माओवादी केन्द्रका मुख्य सचेतक र त्नप्रसाद ढकालले अन्तरसरकारी सम्बन्ध कानुन निर्माणमा मात्रै नभएर विकासमा पनि हुनुपर्ने बताउनुभयो । एउटै काममा तीन तहका सरकारले काम गरिरहेको र त्यसले नागरिकलाई झन अप्ठ्यारो पारेको तर्क गर्दै ढकालले बागमती प्रदेशसभाले त्यसलाई गम्भीररुपमा लिने बताउनुभयो ।

प्रदेशसभा सदस्य ठूला थामीले सरकारले बजेट निर्माण गर्दा नै समन्वय गर्न नसकेकाले नीति बनाउँदा कसरी समन्वय हुन सक्छ भन्दै प्रश्न उठाउनुभयो । प्रदेशसभा सदस्य सुष्मा भुजेलले प्रदेश सरकार र स्थानीय सरकार सँगको समन्वयलाई जोड दिनुपर्ने बताउनुभयो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले तीन तहको समन्वयमा काम गर्न सकियो भने स्थानीय तहका कामलाई सहज हुने बताउनुभयो ।

संघीयता विज्ञ मीनबहादुर बस्नेतले संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय नहुँदा संघीयता पूर्णरुपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो । संविधानले परिकल्पना गरेअनुसार तीनै तहका सरकारबीच समन्वय नभएकै कारण संघीयता कार्यान्वयन कमजोर बनेको उहाँको भनाइ छ । बागमती प्रदेशसभा सदस्यहरु, स्थानीय तहका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रमलाई पत्रकार गोविन्द खड्काले सहजीकरण गर्नुभएको थियो ।


## स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## We Are Open

**हाम्रो सेवाहरुः**



- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

**सम्पर्कः ९८४५४३८८६०/०५७-५९११५९**

**DURBAR AGRO MART**

Hetauda–4, Shitalmahal road

# बालश्रम निवारणबारे प्रदेशस्तरीय छलफल

समाज संवाददाता

हेटौंडा: हेटौंडामा सोमबार बालश्रम निवारणका लागि प्रदेशस्तरीय संसदीय छलफल भएको छ । दिगो विकासका लक्ष्य ८.७ का लागि नागरिक मञ्च बागमती प्रदेशका संयोजक प्रकाश खतिवडाको अध्यक्षता तथा बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालको प्रमुख आतिथ्यमा छलफल भएको हो ।

छलफलमा बोल्नुहुँदै मन्त्री लम्सालले बालश्रम न्यूनीकरण गर्न आवश्यक रहेको बताउनुभयो । यसका लागि सरकारले आफ्नो तहबाट काम गरिरहेको उहाँले बताउनुभयो । मन्त्री लम्सालले बालश्रम न्यूनीकरणसम्बन्धी बनेको प्रदेशको नीतिबमोजिम काम गर्न यस क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य गर्ने बताउनुभयो । उहाँले प्रदेश बालश्रममुक्त घोषणाका लागि थप ऐन बनाउन र बनेको ऐनलाई कार्यान्वयन गर्न सबैको सहयोग आवश्यक रहेको बताउनुभयो ।

मञ्चका अध्यक्ष खतिवडाले नेपालमा अहिले बालबालिकाको क्षेत्रमा विभिन्न ऐन र कानुन बनेपनि प्रभावकारी कार्यान्वय हुन नसकिरहेको बताउनुभयो । उहाँले अहिले पनि बालबालिकाहरु श्रममा लाग्ने गरेको पाइएकोले सरोकारवाला सबै निकायहरुले यसलाई न्यूनीकरण गर्नुपर्ने बताउनुभयो । उहाँले देशभरीका स्थानीय तहहरुमा बालश्रमको अन्त्य गरी बालमैत्री स्थानीय तह घोषणा गर्नुपर्ने बताउनुभयो । नागरिक मञ्चले बालश्रम, बाध्यकारी बालश्रम र मानव बेचविखनविरुद्ध काम गर्ने खतिवडाले बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य हरि सापकोटाले अभिभावकहरुलाई सचेत नगराएसम्म बालश्रम अन्त्य नहुने बताउनुभएको छ। सरकारलाई यस क्षेत्रमा विशेष ध्यान दिएर कार्यक्रम ल्याउनुपर्ने उहाँले बताउनुभयो । घरपरिवारको अवस्थाकै कारण श्रममा लाग्न बाध्य हुने गरेको बताउनुहुँदै उहाँले सरकारले यस क्षेत्रलक्षित कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य रामकुमार पहाडीले बालश्रमलाई न्यूनीकरण गर्न आवश्यक रहेको बताउनुभयो । आर्थिक अवस्था कमजोर तथा शिक्षा नपाउँदा बालश्रममा लाग्न बाध्य हुने गरेको उहाँको भनाइ छ। उहाँले सरकारले ऐन कानुनबमोजिम आवश्यक नीति निर्माण र कार्यक्रम गर्न नसकिरहेको बताउनुभयो ।

छलफलमा बालश्रमको अवस्थाबारे जानकारी गराइएको थियो । देशभर ११ लाख बालबालिका श्रममा रहेको बताइएको छ । यस्तै, २ लाख बालबालिकाहरु जोखिममा रहेका तथ्याङ्क प्रस्तुत गरिएको थियो । बागमती प्रदेशमा मात्रै १ लाख १० हजार बालबालिका श्रममा संलग्न रहेको पाइएको बताइएको छ ।

# लागुऔषधसहित थिङ पक्राउ

समाज संवाददाता

हेटौंडा: मकवानपुर प्रहरीले हेटौंडा-१० बैंकरोडबाट लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-८ का ३० वर्षीय सुरज थिङ रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार पैदल हिँडिरहेका थिङलाई शंका लागी सुरक्षाजाँच गर्दा उनको साथबाट लागुऔषध फेनारगन ४५ एम्पुल, नुर्फिन ४५ एम्पुल र डाईजेपाम ४५ एम्पुल गरी १३५ एम्पुल बरामद गरेको प्रहरीले जनाएको छ। बरामद भएको लागुऔषधसहित थिङलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# ३ जनामा डेंगु संक्रमण

समाज संवाददाता

हेटौंडा: सोमबार मकवानपुरमा ३ जनामा डेंगु पुष्टि भएको छ । पछिल्लो २४ घण्टाको अवधिमा मकवानपुरमा ३ जनामा डेंगु संक्रमण भटिएको हो ।

३ जना संक्रमितमध्ये १ जना हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेका छन् । यस्तै, बगमती गाउँपालिकाका र मकवानपुरगढी गाउँपालिकाका १-१ जनामा डेंगु पाइएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार साउन महिनादेखि सोमबारसम्म ४ सय २१ जनामा डेंगु संक्रमण भेटिएको छ । जसमध्ये धेरै संक्रमित हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । साउन महिनादेखि भदौ २५ सम्म डेंगु हुनेमा हेटौंडाका २ सय ८१ जना रहेको विवरणमा उल्लेख छ । डाक्टर हरुका अनुसार व्यक्तिमा ज्वरो आएको ७२ घण्टापछि डेंगु जाँच गरे डेंगु प्रष्ट हुनेछ । डेंगुबाट बच्ने मुख्य र प्रभावकारी उपाय भनेको लामखुट्टेबाट बच्ने हो । लामखुट्टेबाट बच्नका लागि झुल हालेर सुत्ने, हातगोडा छोप्ने कपडा लगाउने, लामखुट्टेबाट बच्ने क्रिम लगाउने, पानी जम्न नदिने, घर वरिपरि सरसफाई गर्नुपर्ने बताइएको छ ।

# हेटौंडाका अमर लामालाई स्नुकरको उपाधि




स्नुकर उपाधि विजेता अमर लामालाई पुरस्कृत गरिँदै ।

समाज संवाददाता

हेटौंडा: चितवन जिल्लाको रत्ननगर नगरपालिका पर्सामा भएको स्नुकर प्रतियोगितामा हेटौंडाका अमर लामाले उपाधि जितेका छन् । पर्सास्थित कानु स्नुकर क्लबले आयोजना गरेको प्रतियोगितामा हेटौंडास्थित लियम स्नुकर हाउसका खेलाडी अमर लामाले उपाधि जितेका हुन् । उनले उपाधिसँगै नगद ५० हजार रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गरेका छन् ।

मकवानपुर जिल्लाबाट ९ जनासहित प्रतियोगितामा ६४ जनाको सहभागिता रहेको थियो । प्रतियोगितामा कानु स्नुकर हाउसका विकास खाती दोस्रो भएका छन् भने नारायणगढको एक्टिभ स्नुकर हाउसका रोशन खड्का तेस्रो भएका छन् । दोस्रो र तेस्रो हुने खेलाडीले २० हजार र १० हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल प्राप्त गरेका छन् । गत बुधबारबाट सुरु भएको प्रतियोगिताको फाइनल खेल आइतबार सम्पन्न भएको लियम स्नुकर हाउसका सञ्चालक नितेश खण्डेलवालले जानकारी दिनुभएको छ ।

# मैत्रीपूर्ण दुबै खेल मकवानपुरले जित्यो

समाज संवाददाता

हेटौंडा: बारा जिल्ला क्रिकेट टिमसँगको दुई एकदिवसीय मैत्रीपूर्ण क्रिकेटमा मकवानपुर जिल्लाको क्रिकेट टिमले दुबै खेल जितेको छ । आइतबार पहिलो खेलमा ६५ रनले विजयी भएको घरेलु टोली सोमबार १ विकेटले विजयी भएको छ ।

हेटौंडा-४, हुप्रचौरमा सोमबार भएको दोस्रो मैत्रीपूर्ण खेलमा टस जितेर व्याटिङ रोजेको बाराले ३८ ओभरमा सबै विकेट गुमाएर १ सय ७० रन जोडेको थियो । बाराका लागि सर्फराज आलमले २८, अनिल साहले २५ र अरनिको यादवले २४ रन जोडेका थिए । बारालाई मध्यक्रममा रोक्न मकवानपुरका शुभ कंशाकारले ३ विकेट लिए भने समीर चौलागाई र रोहित ठाकुरले समान २ विकेट लिए । जवाफी व्याटिङमा उत्रिएको मकवानपुरले ३८ ओभर ४ बलमा ९ विकेटको क्षतिमा लक्ष्य भेट्टायो । मकवानपुरका लागि गौरव खड्काले ४४ रन र सक्षम बास्ताकोटीले २९ रनको योगदान गरे । बाराका भुलवन सहनीले ५ विकेट लिए पनि हारबाट जोगाउन सकेनन् ।

यसअघि आइतबार भएको पहिलो खेलमा मकवानपुरले पाहुना टोलीलाई ६५ रनले पराजित गरेको छ । टस जितेर पहिले व्याटिङ गरेको मकवानपुरले ३३ ओभरमा १ सय ५९ रन जोडेको थियो भने जवाफी व्याटिङमा उत्रिएको बारा ९४ रनमै समेटिएको थियो । मकवानपुर जिल्लाको क्रिकेट टिमले चितवन, बारा, पर्सा र रौतहट जिल्लाको टिमसँग मैत्रीपूर्ण खेल खेल्ने गरेको छ ।

# शनिबार द एक्स ब्यान्डको प्रस्तुति

समाज संवाददाता

हेटौंडा: नेपाल टुरअन्तर्गत् द एक्स ब्यान्ड हेटौंडामा आउने भएको छ। नेपाल डायरिज हेटौंडाको आयोजनमा शनिबार हेटौंडामा हुन लगेको कन्सर्टका लागि द एक्स ब्यान्ड हेटौंडा आउन लागेको नेपाल डायरिज हेटौंडाका म्यानेजर समीर सापकोटाले सोमबार पत्रकार सम्मेलन गर्दै जानकारी दिनुभयो ।

आइतबार साँझ ४ बजेदेखि राति १० बजेसम्म रिगल हेटौंडा रिसोर्टमा कार्यक्रम हुने आयोजकले जनाएको छ । कार्यक्रममा संगीतिक कार्यक्रम हुने, स्थानीय कलाकार र ब्यान्डहरुको प्रस्तुति रहनेछ ।

कमजोर आर्थिक अवस्था भएका विद्यार्थीको शिक्षालाई सहयोग गर्ने उद्देश्य राखेर कार्यक्रमको आयोजना गरेको संस्थाका सल्लाहकार विकेशलाल श्रेष्ठले बताउनुभयो । आर्थिक अवस्था कमजोर भएका ४ जना विद्यार्थीको शिक्षामा खर्च गरिने उहाँले बताउनुभयो । कार्यक्रमको लागि ७ लाख खर्च हुने अनुमान आयोजकको छ ।

कार्यक्रममा सहभागी हुन टिकटको व्यवस्था गरिएको छ । प्रतिव्यक्ति एक हजार रुपैयाँको टिकट लिएर कार्यक्रममा सहभागी हुन सकिने आयोजकले जानकारी दिएको छ। टिकटको आयोजकले एक हजार दर्शकलाई टिकट बेच्ने लक्ष्य राखेकोमा हालसम्म ३ सय टिकट बिक्री भइसकेको जनाइएको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com

हार्दिक आभार



मकवानपुरको अग्रणी साहित्यिक संस्था **साहित्य संगम मकवानपुरको १६औं अधिवेशन**बाट मलाई विश्वास गरी नेतृत्वमा स्थापित गराउनुहुने सम्पूर्ण साधारण सदस्यज्यूहरु, मलाई सल्लाह, सुझाव र माया दिनुहुने आदरणीय अग्रज, शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

डीबी बतौंला, अध्यक्ष
**साहित्य संगम मकवानपुर**
**हेटौंडा, मकवानपुर**




हार्दिक बधाई



**प्रकाश खण्डेलवाल**
**अध्यक्ष**



**कपिला जोशी**
**केन्द्रीय सदस्य**

नेपाल औषधी व्यवसायी संघको **चौधौं महाधिवेशन**बाट **प्रकाश खण्डेलवाल**को अध्यक्षतामा नवनिर्वाचित समिति, मकवानपुरबाट प्रतिनिधित्व गर्नुहुँदै केन्द्रीय सदस्य निर्वाचित हुनुभएकी **कपिला जोशी**लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नारायण श्रेष्ठ, अध्यक्ष
**एवम् औषधी व्यवसायी संघ मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ